नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौ

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९
चलानी नं.:- ३६९

मितिः-२०७८/११/३०

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह (सबै )

विषय : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गुणस्तर परीक्षण सम्बन्धमा ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषय, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्ने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन) मा स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा कार्यविधिको दफा (९) (क) बमोजिम स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्ने कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रहेको र सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत सहजकर्ताहरु परिचालन गर्ने कार्य प्रक्रियामा रहेको छ । गुणस्तर परीक्षण कार्य प्रारम्भ भएपछि अनलाईन प्रणालीमा थप कागजात प्रविष्ठी तथा विवरण सच्याउने कार्य गर्दा गुणस्तर परीक्षण कार्य प्रभावित हुने भएकोले मिति २०७८/१२/१० गते पश्चात् उक्त प्रणाली बन्द गरिने व्यहोरा अनुरोध गर्दै गुणस्तर परीक्षण गर्न आउने सहजकर्तालाई गुणस्तर परीक्षणको कार्यमा आवश्यक सहयोग र समन्वय हुन निर्णयानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ :

श्री जिल्ला समन्वय अधिकारीज्यू,
जिल्ला समन्वय समिति (सबै): उल्लिखित विषयमा तहाँबाट आवश्यक समन्वय र सहजीकरण हुन ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा अपलोड गरिदिनु हुन ।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम , बबरमहल ।

समय :- बिहान ८:०० बजे
स्थान :- गाउँपालिकाको कार्यालय

उल्लेखित मिति, समय र स्थानमा यस गाउँपालिकाका अध्यक्ष श्री पदम बहादुर लामा ज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बस्यो।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री पदम बहादुर लामा | - | अध्यक्ष |
| २. | श्री | - | उपाध्यक्ष |
| | श्री बलो रावत | - | वडा अध्यक्ष |
| ३. | श्री तारा बहादुर लामा | - | वडा अध्यक्ष |
| ४. | श्री रा बहादुर भण्डारी | - | वडा अध्यक्ष |
| ५. | श्री नाक्ला जिकमेत लामा | - | वडा अध्यक्ष |
| ६ | श्री छविचन्द्र लामा | - | वडा अध्यक्ष |
| ७ | श्री कृष्ण बोहरा | - | वडा अध्यक्ष |
| ८ | श्री जयचन्द्र रोकाया | - | वडा अध्यक्ष |
| ९ | श्री राज ब. शाही | - | वडा अध्यक्ष |
| १० | श्री चक्र बुढा | - | सदस्य |
| ११ | श्री रूपसिंह कामी | - | सदस्य |
| १२ | श्री बिनोद बि.क. | - | सदस्य |
| १३ | श्री नवसाल लामा | - | सदस्य |
| १४ | श्री गिता लामा | - | सदस्य |
| १५ | श्री लालपुरी कामी | - | सदस्य |
| १६ | श्री अवकलो शाही | - | सदस्य |
| १७ | श्री. उजिर रोकाया | - | सदस्य सचिव |

## निर्णय,

१. वित्तिय आयोगले आ.व. ०७६।०७८ को गाउँपालिकाको कार्य सम्पादन मूल्याङ्कन गरेको मूल्याङ्कनमा यस सिमकोट गाउँपालिकाले ६५.२१ अंक ल्याएर कर्णाली प्रदेशमा प्रथम स्थान हासिल गरेको हुनाले यस सहयोग गर्ने जनप्रतिनिधी, प्रमुख प्रशासकिय कर्मचारीहरूलाई यस ... सहित सम्पूर्ण ... निर्णय गरियो।